बोर्डको निर्णय नं. १९९६ संग सम्बन्धित

# धितोपत्र केन्द्रीय निक्षेप सेवा (पाँचौं संशोधन) विनियमावली, २०७६

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा संशोधन गर्नुपर्ने भएकोले,

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले यो विनियमावली बनाई लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यी विनियमहरुको नाम "धितोपत्र केन्द्रीय निक्षेप सेवा (पाँचौं संशोधन) विनियमावली, २०७६" रहको छ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. **विनियम २१क थप गरिएको :** धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (यस पछि मूल विनियमावली भनिनेछ) को विनियम २१ पछि देहायको विनियम २१क थप गरिएको छ :

"२१क. **मार्जिन कारोबार राफसाफ हितग्राही खाता सम्बन्धी व्यवस्था** : (१) सिडिएससिले मार्जिन कारोबार राफसाफ प्रयोजनका लीग हितग्राही खाता सम्बन्धी व्यवस्था गरी धितोपत्र बजार, निक्षेप सदस्य र राफसाफ सदस्यलाई जानकारी गराउनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको व्यवस्था पश्चात राफसाफ सदस्यले मार्जिन करोबार राफसाफ प्रयोजनका लागि कुनै निक्षेप सदस्य मार्फत् मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न सक्नेछ।

(३) उपविनियम (२) बमोजिम खाता खोल्दा अनुसूची - १३ को ढाँचामा अनुसूची - १४ बमोजिमको शुल्क सहित देहाय बमोजिमको विवरण तथा कागजातका साथ निक्षेप सदस्यकोमा अनुसूची - २८ बमोजिमको निवेदन दिनु पर्नेछ :

(क) धितोपत्र बजारबाट मार्जिन कारोबारको लागि प्राप्त अनुमतिको प्रतिलिपि,

(ख) सिडिएससिबाट प्राप्त निक्षेप सदस्यताको प्रतिलिपि,

(ग) राफसाफ सदस्यको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि।

(४) उपविनियम (३) बमोजिम निवेदन प्राप्त भए पछि निक्षेप सदस्यले राफसाफ सदस्यको मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोली सोको जानकारी सिडिएससिलाई दिनुपर्ने छ।

(५) मार्जिन कारोबार गर्ने लगानीकर्ताले मार्जिन कारोबार राफसाफ प्रयोजनको लागि हितग्राही खाता खोल्दा अनुसूची - १४ बमोजिमको शुल्क तथा देहायको कागजातसहित निक्षेप सदस्यकोमा निवेदन दिनुपर्ने छ :

(क) राफसाफ सदस्यको सिफारिश पत्र,

(ख) अनुसूची - १२ बमोजिमको निवेदन,

(ग) मार्जिन कारोबार सम्बन्धमा राफसाफ सदस्य र लगानीकर्ता बीचमा भएको सम्झौतापत्रको प्रतिलिपि,

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

(६) उपविनियम (५) बमोजिम निवेदन प्राप्त भएपछि निक्षेप सदस्यले मार्जिन कारोबार गर्ने लगानीकर्ताको हितग्राही खाता खोली राफसाफ सदस्यको मार्जिन कारोबार राफसाफ हितग्राही खातासँग आवद्ध गरी सोको जानकारी सिडिएससि र सम्बन्धित राफसाफ सदस्यलाई दिनुपर्ने छ ।"

३. **विनियमावलीको अनुसूची-१४ मा संशोधन :** मूल विनियमावलीको अनुसूची-१४ को सट्टा देहायको अनुसूची -१४ राखिएको छ :

**"अनुसूची - १४**

(विनियम १६ र २० को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २१ को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २१क को उपविनियम (३) सँग सम्बन्धित)
(विनियम २४ को उपविनियम (१) सँग सम्बन्धित)
(विनियम २५ को उपविनियम (१) सँग सम्बन्धित)
(विनियम २६ को उपविनियम (२) सँग सम्बन्धित)
(विनियम २९ को उपविनियम (१) सँग सम्बन्धित)

१. **निक्षेप सदस्यले हितग्राहीसँग लिन पाउने शुल्क :**

| शुल्कको शिर्षक | रकम | निक्षेप सदस्यले सिडिएससिलाई बुझाउनु पर्ने रकम |
|---|---|---|
| (क) खाता खोल्ने शुल्क | रु. ५० | रु. ५ |
| (ख) खाता संचालन वार्षिक शुल्क | रु. १०० | रु. १० |
| (ग) धितोपत्र हस्तान्तरण शुल्क | प्रतिहस्तान्तरण रु.२५ | निक्षेप सदस्यले प्राप्त गरेको रकमको बीस प्रतिशत |
| (घ) पुन: भौतिकीकरण शुल्क | रु. ५० | रु. ५ |
| (ङ) धितो बन्धकी शुल्क | रु. ५० | रु. ५ |
| (च) खाता रोक्का शुल्क | रु. २५ | रु. २ |

२. **राफसाफ सदस्यले मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्दा लाग्ने शुल्क :**

| शुल्कको शिर्षक | रकम | निक्षेप सदस्यले सिडिएससिलाई बुझाउनु पर्ने रकम |
|---|---|---|
| क. मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्ने शुल्क | रु. १००००।- | रु.६००० |
| ख. खाता संचालन वार्षिक शुल्क | रु.५०००।- | रु.३००० |

**द्रष्टव्य :**(१) धितोपत्र हस्तान्तरण भन्नाले धितोपत्रको खरिद वा बिक्री भएको अवस्थामा हितग्राहीको खाताबाट घटाउने वा खातामा जम्मा गर्ने कार्यलाई सम्झनुपर्छ ।
(२) सिडिएससि वा निक्षेप सदस्यले हितग्राहीको खाता रोक्का गरेको अवस्थामा शुल्क छुट दिन सक्नेछ ।"

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

४. <u>विनियमावलीको अनुसूची-२८ थप गरिएको :</u> मूल विनियमावलीको अनुसूची-२७ पछि देहायको अनुसूची -२८ थप गरिएको छ :

"अनुसूची – २८

विनियम २१क को उपविनियम (३) सँग सम्बन्धित

**मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न राफसाफ सदस्यले निक्षेप सदस्यकोमा दिने निवेदनको ढाँचा**

मिति :

श्री ..........................................
निक्षेप सदस्य ।

विषयः <u>मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोलिदिने बारे</u> ।

उपर्युक्त सम्बन्धमा राफसाफ सदस्य नं. ......, (कम्पनीको नाम)........................... मार्जिन करोबार सुविधा उपलब्ध गराउन धितोपत्र बजारबाट अनुमति प्राप्त भएकोले मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २१क(३) बमोजिम यो निवेदन पेश गरेको छु।

निवेदक,
कार्यकारी प्रमुखको नाम : ....................................
निवेदक राफसाफ सदस्यको नाम : .................................
ठेगाना : ................................................................
फोन नं : ................................................
फ्याक्स नं. : .....................................
ईमेल : ............................................

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

(क) धितोपत्र बजारबाट मार्जिन कारोबारको लागि प्राप्त अनुमतिको प्रतिलिपि,

(ख) सिडिएससिबाट प्राप्त निक्षेप सदस्यताको प्रतिलिपि,

(ग) राफसाफ सदस्यको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।"

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

४. <u>विनियमावलीको अनुसूची-२८ थप गरिएको :</u> मूल विनियमावलीको अनुसूची-२७ पछि देहायको अनुसूची -२८ थप गरिएको छ :

"अनुसूची – २८

विनियम २१क को उपविनियम (३) सँग सम्बन्धित

**मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न राफसाफ सदस्यले निक्षेप सदस्यकोमा दिने निवेदनको ढाँचा**

मिति :

श्री ..........................................

निक्षेप सदस्य ।

<u>विषयः मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोलिदिने बारे</u> ।

उपर्युक्त सम्बन्धमा राफसाफ सदस्य नं. ......, (कम्पनीको नाम).......................... मार्जिन करोबार सुविधा उपलब्ध गराउन धितोपत्र बजारबाट अनुमति प्राप्त भएकोले मार्जिन कारोबार राफसाफ हितग्राही खाता खोल्न धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २१क(३) बमोजिम यो निवेदन पेश गरेको छु।

निवेदक,<br>
कार्यकारी प्रमुखको नाम : ....................................<br>
निवेदक राफसाफ सदस्यको नाम : ..................................<br>
ठेगाना : ...............................................................<br>
फोन नं : ................................................<br>
फ्याक्स नं. : .....................................<br>
ईमेल : ..............................................

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

(क) धितोपत्र बजारबाट मार्जिन कारोबारको लागि प्राप्त अनुमतिको प्रतिलिपि,

(ख) सिडिएससिबाट प्राप्त निक्षेप सदस्यताको प्रतिलिपि,

(ग) राफसाफ सदस्यको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।"

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर